३२ औं बैठक

आज मिति २०७९ साल असार महिनाको २६ गते आईतवारका दिन उदयपुरगढी गाँउपालीकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थीतीमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालीका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालीका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालीका सदस्य | |
| १२ | गौर बहादुर विश्वकर्मा | कार्यपालीका सदस्य | — |
| १३ | सरिता कार्की | कार्यपालीका सदस्य | |
| १४ | डिल्लीमाया विश्वकर्मा | कार्यपालीका सदस्य | |
| १५ | मिना कुमारी तामाङ्ग | कार्यपालीका सदस्य | |
| १६ | यसोदा कुमारी राई | कार्यपालीका सदस्य | |
| १७ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. पारसमणि फुयल
२. शेखर कुमार बुढाथोकी
३. गुणराज श्रेष्ठ

प्रस्तावहरु :

१. पुरानो गढी मर्मत तथा स्तरउन्नती कार्यक्रम म्याद थप सम्बन्धमा ।

२. जि.स.स. संगको कार्यक्रममा लागत साझेदारी सम्बन्धमा ।

३. सशस्त्र प्रहरी वलको सुरक्षा वेस क्याम्प व्यवस्थापन सम्वन्धमा ।

४. प्रहरी चौकी उदयपुरगढीको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

५. टुडीखेल घेरावेराको पोल लिलाम व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु :

१ .प्रस्ताव नं. १ माथी छलफल गर्दा पुरानो गढी मर्मत तथा स्तरउन्नती कार्यक्रम ठेक्का नं. URM/NCB/03/2077-078 को श्री सिद्धगढी निशान जे.भी संग चालु आ.व. मा सक्ने गरि सम्झौता भए पनि संस्कृति,पर्यटन तथा नागरीक उड्ययन मन्त्रालयबाट चालु आ.व. गाँउपालिकालाई प्राप्त हुनुपर्ने रकम प्राप्त नभएकोले आ.व.२०७९।८० को पौष मसान्त सम्म सम्पन्न गर्ने गरि वैक ग्यारेन्टी थप गर्नलगाई कार्य सम्पन्न गर्न म्याद थप गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा जि.स.स. उदयपुरको मौज्दात कोषबाट विगतको खर्चबाट बाँकी रहेको रु. ५,००,०००।०० (अक्षरुपि रु. पाँच लाख मात्र) बाट ढुँग्रे खोला मुहान गरि सानो नागवेली खानेपानी योजना उ.गा.पा. ६ लाई प्रस्ताव गर्ने २०७८।५।३१ को निर्णयमा उक्त कोष संचालन कार्यविधि बमोजीम जि.स.स. को साझेदारी रु. ५,००,०००।०० (अक्षरुपि रु. पाँच लाख मात्र) लाई ८० प्रतिशत मानी बाँकी हुने २० प्रतिशत रकम रु. १,२५,०००।०० (अक्षरुपि रु. एक लाख पच्चीस हजार मात्र) गा.पा.को श्रोत सुनिश्चीतता गर्ने ~~हाल चालु आयोजनाको म्याद २०७९।५।३० गते सम्मलाई थप गर्ने~~ निर्णय गरियो । साथै उक्त प्रस्तावित योजना समर्थनका लागि जि.स.स. को आयोजना छनौट समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा सशस्त्र प्रहरी वलको राजमार्ग सुरक्षा वेस क्याम्प व्यवस्थापनका लागि तत्काललाई आबश्यक घरभाडा गाँउपालिकाले व्यहोर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा प्रहरी चौकी उदयपुरगढीको प्रहरी चौकी भवनका लागि आबश्यक पर्ने जग्गा प्राप्तीका लागि पन्चावती मन्दीर उत्तर रहेको मैया कार्कीको जग्गा निशुल्क प्राप्तीको लागि उ.गा.पा. ५ नं. वडा अध्यक्ष श्री कुमार अधिकारी लाई समन्वय र प्रतिनिधी तोकी यथासीघ्र जग्गा प्राप्तिको पहल गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा उदयपुरगढी टुडीखेल घेरावेराको पुरानो उखेलि प्रयोगमा नरहेका पोललाई प्रतिगोटा न्यूनतम दर रु. ३००।०० (अक्षरुपि रु तिन सय मात्र) तोकी सो मा वढावढको ७ (सात) दिने सूचना जारी गरि लिलाम प्रकृया अगाडी वढाउने निर्णय गरियो ।